# मेचीनगर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**ईटाभट्टा, झापा**

**१ नं. प्रदेश, नेपाल**

च.नं.: २०७५/०७६ मिति: २०७५/०५/०३

प.सं. ४९३

श्री वडा कार्यालय सवै

**विषय : राय सुझाव तथा सिफारिस र सूचनाटाँसको मूचूल्लका उपलब्ध गराइदिने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस मेचीनगर नगरपालिकाले मेची, निन्दा, सुकेनिदा, टिमाई र हडिया खोलाहरुबाट दिगो रुपमा ढुङ्गा, गिट्टी, बालुवा आदि संकलन गर्ने प्रस्ताव गरिएको छ र सो प्रस्ताव कार्यान्वयन गर्नु अघि वातावरण संरक्षण नियमावली, २०५४ (पहिलो संसोधन, २०५५) को नियम ७, उपनियम २ बमोजिम सो प्रस्ताव बारे प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्ने क्रममा सो प्रस्ताव कार्यान्वयन गर्दा त्यस क्षेत्रको भौतिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्न सक्ने प्रभावको सन्दर्भमा त्यस कार्यालयको लिखित राय सुझाव तथा प्रतिक्रियाको साथसाथै सिफारिसको पनि आवश्यकता पर्ने भएकाले सो उपलब्ध गराई सहयोग गरिदिनु हुन अनुरोध छ ।

साथै सो सम्बन्धमा प्रकाशित गरिएको सार्वजनिक सूचना यसै पत्र साथ संलग्न गरिएको छ । सो सार्वजनिक सूचना सर्वसाधारणको जानकारीको लागि त्यस कार्यालयको सूचना पाटीमा टाँस गरी सो को मुचुल्का समेत **७ (सात) दिन भित्र** उपलब्ध गराइदिन हुन अनुरोध गर्दछु ।

पुनश्च : तहाँ वडा कार्यालयबाट वडा भित्र रहेका विद्यालय, धार्मिक स्थल र प्रहरी कार्यालयमा सूचना टाँस गरी मुचुल्का संकलन गरी पठाउन हुन तथा अन्य सरोकारवालाई समेत जानकारी गराउन हुन ।

.....................

विमल आचार्य

नगर प्रमुख

विमल आचार्य

नगर प्रमुख

मितिः २०७५/.../.........

श्री मेचीनगर नगरपालिका कार्यालय

इटाभट्टा, झापा

**<u>विषयः सिफारिस गरिएको सम्बन्धमा</u>**

प्रस्तुत विषयमा मेचीनगर नगरपालिका, इटाभट्टा झापाद्वारा मेची, निन्दा, सुकेनिन्दा, टिमाई र हडिया खोला बाट दिगो रुपमा ढुङ्गा, गिट्टी, बालुवा आदि संकलन गर्ने प्रस्तावको वातावरण संरक्षण नियमावली, २०५४ (पहिलो संसोधन, २०५५) बमोजिम प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्ने बारेको २०७५/०४/२३ को जनसम्सद दैनिक पत्रिकामा प्रकाशित १५ दिने सार्वजनिक सूचनाको सम्बन्धमा उक्त नदी/खोला हरुबाट ढुङ्गा, गिट्टी, बालुवा आदि संकलन गर्दा नदीको धार परिवर्तन र तट कटान नहुने गरी गर्ने गराउने गरेमा यहाँको वातावरणमा असर पनि नपर्ने र नदी नियन्त्रण भई बाढीको समस्या समाधान हुनसक्ने हुदाँ सो विषयमा ध्यान पुऱ्याई सो प्रस्ताव कार्यान्वयन गर्न सिफारिस गरिएको व्यहोरा अनुरोध गरिन्छ । साथै यस क्षेत्रमा सो कार्यबाट प्राप्त राजस्वलाई नियमानुसार यस क्षेत्र को संरक्षण तथा विकास कार्यमा लगानी गर्न पनि यसै पत्रसाथ अनुरोध गरिन्छ ।

.....................................

# मेचीनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ईट्टाभट्टा, झापा

## यस नगरपालिकाभित्र बग्ने नदीहरुबाट ढुंगा, गिट्टी, वालुवा संकलनको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) कार्य गर्ने बारेको सार्वजनिक सूचना

*प्रथम पटक प्रकाशित मिति: २०७५/०४/२३ गते*

मेचीनगर नगरपालिका क्षेत्र भएर बग्ने उल्लेखित ४ वटा खोलाहरुबाट ढुंगा, गिट्टी, वालुवा संकलन गर्ने कार्यलाई व्यवस्थित गर्न वातावरण संरक्षण ऐन २०५३ तथा वातवरण संरक्षण नियमावली २०५४ (पहिलो संशोधन) को नियम ३ अनुसार प्रारम्भिक वातावरणीय परिक्षण (IEE) कार्य गर्ने शिलसिलामा उल्लेखित नदी तथा खोलाहरुलाई निम्नानुसार छुटाछुटै प्याकेज बनाई भिन्दाभिन्दै अध्ययन गर्न लागिएको छ।

| प्याकेज | खोला / नदी | नदीसँग जोडिएको वडा नं. |
|---|---|---|
| प्याकेज १ | मेची | मेचीनगर नगरपालिका वडा नं. १, २, ३, ४,५, ६, ७, ८, ९, १०, ११, १२, १३, १४, १५ |
| प्याकेज २ | निन्दा/सुकेनिन्दा | |
| प्याकेज ३ | हडिया | |
| प्याकेज ४ | टिमाई | |

प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्ने क्रममा नियम ७ को उपनियम २ बमोजिम सो प्रस्ताव कार्यान्वयन गर्दा प्रस्ताव क्षेत्रको भौतिक, जैविक, सामाजिक तथा साँस्कृतिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यसका अवयवहरु तथा ती अवयवहरु बीचको अन्तरक्रिया र अन्तर सम्बन्धमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न आवश्यक छ। यस सम्बन्धमा उक्त क्षेत्रमा प्रस्ताव कार्यान्वयन गर्दा पर्नसक्ने प्रभाव बारे प्रस्ताव क्षेत्रको वडा कार्यालय, विद्यालय, अस्पताल, स्वास्थ्यचौकी, सम्बन्धीत अन्य निकाय तथा प्रस्तावबाट प्रभाव पर्न सक्ने व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएको मितिबाट १५ (पन्ध्र) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ। उक्त राय सुझावको प्रतिलिपि सम्बन्धित मन्त्रालयलाई समेत दिन सकिने छ।

राय सुझाव पठाउने ठेगाना:

मेचीनगर नगरपालिका

ईट्टाभट्टा, झापा

सम्पर्क नं. ९८५२६८२१११ फ्याक्स ०२३-५२४३७

मेचीनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ईटाभट्टा, झापा